Volume 01, Issue 01, 2024. pp. 101–108
Research Article



# नेपाली वर्णविन्यास सम्पादनमा चिह्न प्रयोग

**टीकादेवी भट्टराई**[१], **लोकेन्द्र बलम्पाकी**[२]
[१]क्याम्पस प्रमुख, रवि क्याम्पस, पाँचथर, नेपाल
[२]उप प्राध्यापक, रवि क्याम्पस, पाँचथर, नेपाल

**Article Info.**

***Corresponding Author***
**Tika Devi Bhattarai**

***Email***
tikabhattarai2073@gmail.com

***Article History***
Received: 23 Aug. 2024
First Revised: 12 Sept. 2024
Second Revised: 29 Sept. 2024
Accepted: 05 Oct. 2024

***Cite***
Bhattarai, T. D., & Balampaki, L. (2024). नेपाली वर्णविन्यास सम्पादनमा चिह्न प्रयोग. *Rabi Sangyan*, *1*(1), 101–108.

**Abstract (लेखसार)**

प्रस्तुत लेख नेपाली वर्णहरूको उपर्युक्त विन्यासको प्रयोग र नेपाली भाषा सम्पादनमा चिह्नको पहिचानमा आधारित छ। भाषामा स्पष्ट रूपमा व्याकरणिक संरचना र कोशीय अर्थापनमा सन्तुलन ल्याउनका लागि वर्णहरूको उपर्युक्त ढङ्गले विन्यास गर्नुपर्ने हुन्छ । वर्णविन्याससलाई एकरूपता ल्याएर व्याकरणिक संरचना र कोशीय न्यायका लागि केही नियमहरू स्थापना भएका छन्। सम्पादन कार्य बौद्धिक, प्राज्ञिक, अनुभवमा आधारित जटिल र सम्वेदनशील लिपिवद्ध कार्य हो। पाण्डुलिपि देखि टङ्कन र मुद्रण वा प्रकाशन पूर्वको अवस्थासम्म स्पष्ट, सरल र शुद्धीकरण गरी मुद्रित सामग्रीलाई प्रकाशनयोग्य बनाउनको लागि सम्पादन कार्य गरिन्छ। प्रकाशनमा ल्याइएका लिखित सामग्रीमा परिष्कृत गरी उपर्युक्त अर्थापन गर्दै लुप्त ज्ञानको प्रकाश पार्नुका साथै नवीन ज्ञान स्थापित गर्नको लागि सम्पादन कार्य गरिन्छ । प्रस्तुत लेख मुख्यगरी नेपाली स्वर व्यञ्जन र संयुक्त वर्णको प्रयोगका साथै ह्रस्व दीर्घसम्बन्धी वर्णको विन्यासगत नियमको विश्लेषण गर्न सम्पादन प्रक्रियामा प्रयोग हुने सङ्केत पहिचान, सङ्केतार्थ र प्रयोग अवस्थामा केन्द्रित भएकोले यस लेखमा सामग्री सङ्कलन र विश्लेषण विधिको प्रयोग गरिएको छ। यस लेखमा नेपाली भाषामा वर्णवितरण र सम्पादनमा प्रयोग गरिने सङ्केत चिह्नको पहिचान, अर्थ र प्रयोगमा लेखलाई केन्द्रित गरिएको छ।

मुख्य शब्दावली : वर्णविन्यास, चिह्न, सम्पादन, टङ्कन, संरचना

## विषय प्रवेश

भाषामा लघुतम अर्थ भेदक एकाईलाई वर्णको रूपमा चिनारी गरिन्छ। उच्चार्थ समान परिवेशको प्रतिनिधित्व गर्ने वर्णलाई स्वरवर्ण भनिन्छ, जसले अर्थमा भेद सिर्जना गर्ने गर्दछन् । उच्चार्थ व्यतिरेकी परिवेशको प्रतिनिधित्व गर्ने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ जसले अर्थमा भिन्नता ल्याउने गर्दछ । उच्चारणमा खुट्टो नकाटीने स्वरवर्णलाई हलन्त भनिन्छ । नेपाली भाषामा अजन्तका रुपमा पूर्ण वा अपूर्ण वर्णमा, पूर्ण वा अपूर्ण वर्ण योग भएर लेखिन्छ भने त्यसलाई संयुक्त वर्ण भनिन्छ । अपेक्षाकृत छोटो रूपमा उच्चारित हुने वर्णलाई ह्रस्व र लामोरूपमा उच्चारित हुने वर्णलाई दीर्घ भनिन्छ र सोही अनुरूप अपवादको सिद्धान्तलाई अनुसरण गर्दै वर्ण विन्यास गरिन्छ। भाषालाई परिमार्जित, परिष्कृत, स्पष्ट र उपर्युक्त अर्थापन गरी लिखित अर्थात पाण्डुलिपिलाई मुद्रण गरी प्रकाशनयोग्य बनाउन सम्पानदको आवश्यकता पर्दछ। सम्पादन नगरी पाण्डुलिपिलाई प्रकाशनमा ल्याउँदा, बौद्धिक सम्पत्तिको अपमान गर्नुको साथै, अस्पष्ट र त्रुटियुक्त ज्ञानको सम्प्रेषण हुन पुगि कनुनी रूपमा समेत दण्डनीय मानिन्छ। सम्पादनमा कोशीय, व्याकरणिक, लिखित विषयको स्पष्ट पहिचानका लागि सन्दर्भसहित तार्किक, वस्तुनिष्ठ, बैधता र विश्वसनीयतामासमेत ख्याल गर्दै शब्दशक्तिमा ओझपूर्ण बनाउने र अभिधा, लक्षणा र व्यजनाका तहमा समेत पुऱ्याएर विषयवस्तुको पारिभाषिक रूपले अर्थापनमा सुस्पष्ट पार्ने काम गरिन्छ। सम्पादकले टङ्कनमा एकरूपता बनाउनको लागि विराम, विरामेत्तर, वर्ण लिपि र तथ्याङ्कीय तथा रेखीय प्रयोग हुने सङ्केत गर्ने गर्दछन् । यस आधारमा ठीक रूपमा सम्पादकले पाण्डुलिपिको सम्पादन गरिदिए पनि सङ्केत चिह्नको बोध गम्यतामा पर्न गएको ज्ञानको


Copyright©2024: Author(s). Published by Rabi Campus, Panchthar Nepal

रिक्तताका कारण शुद्धीकरण गर्न अर्थात सम्पादन निर्देश पालनमा पूर्णता नभएको पाइन्छ । यहाँ तिनै अभाव पूर्ति गर्ने उद्देश्यले आलेखन गरिएको छ । प्रस्तुत लेख नेपाली वर्णहरूको विन्यासगत अवस्थाको सम्पादन गर्ने सन्दर्भमा प्रयोगमा ल्याउने चिह्नको, पहिचान, सङ्केतार्थ अनुरूप प्रयोग अवस्थाको निर्क्योल गर्नु अध्ययनीय समस्या रहेको छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख नेपाली वर्णहरूको निर्क्योल र विश्लेषण गरी नेपाली भाषा सम्पादन गर्ने सन्दर्भमा प्रयोगमा ल्याउने चिह्न सङ्केतको, पहिचान, सङ्केतार्थ अनुरूप प्रयोग अवस्थाको निर्क्योल गर्दै प्राज्ञिक ज्ञानमा शुद्धता, स्पष्टता र परिष्कृत ल्याउनमा मार्गनिर्देश गर्नु यस लेखको उद्देश्य हो।

नेपाली भाषालाई लिपिवद्ध गर्ने सन्दर्भमा वर्णविन्यासको असावधानी र अज्ञानताका साथै नियमको बुझाइमा रहेको रिक्ततालाई मेटाउदै उपर्युक्त रूपमा वर्णहरूको विन्यास गर्न आवश्यक छ । नेपाली भाषा सम्पादन गर्ने सन्दर्भमा बौद्धिक, प्राज्ञिक कार्यमा हुने गरेका असावधानिको रिक्तता मेटाउनका साथै मुद्रित सामग्रीलाई कोशिय, व्याकरणिक र भावनात्मक रूपमा उपर्युक्त अर्थापन गरी नवीन ज्ञानको प्रतिपादन गर्नमा सहयोगी सामग्री बन्नेहुँदा यो लेख औचित्यपूर्ण छ। भविश्यमा समेत भाषा सम्पादन गर्ने सन्दर्भमा यस लेखमा प्रर्युक्त सम्पादन सङ्केत चिह्न पहिचान, सङकेतार्थ र प्रयोग अवस्थाले मुद्रण निर्देश सामग्रीलाई शुद्ध रूपमा टङ्कन र प्रकाशनमा ल्याउन मार्गनिर्देश गर्ने हुँदा महत्त्वपूर्ण रहेको छ। यस लेखले बौद्धिक, प्राज्ञिक र नवलेखक तथा सम्पादकनकर्ता एवम् प्रकाशनका टङ्कनकर्ता समेतलाई लाभ पुग्ने हुँदा उपयोगी छ।

नेपाली भाषा सम्पादनका सन्दर्भमा प्रयोगमा रहने सङ्केत चिह्नको पहिचान, सङ्केतार्थ र प्रयोगपक्षको मात्र अध्ययन गर्नु यस लेखको सीमा हो।

## अध्ययन विधि

प्रस्तुत लेख मुख्यगरी नेपाली स्वर व्यञ्जन र संयुक्तवर्णको प्रयोगका साथै ह्रस्व दीर्घ सम्बन्धी वर्णको विन्यास गत नियमको विश्लेषण गर्न सम्पादन प्रक्रियामा प्रयोग हुने सङ्केत पहिचान, सङ्केतार्थ र प्रयोग अवस्थामा केन्द्रित भएकोले यस लेखमा सामग्री सङ्कलन र विश्लेषण विधिको प्रयोग गरिएको छ।

### (क) सामग्री सङ्कलन

यस लेखमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी प्रयोग गरिएको छ। प्राथमिक स्रोत सामग्रीको रूपमा शब्दकोश र नेपाली व्याकरणलाई लिइएको छ । द्वितीयक स्रोत सामग्रीको रूपमा सम्पादनलाई आधार बनाएर प्रकाशित पुस्तक, लेख र अप्रकाशित तर सम्पादित खेस्रा लेखनलाई आलेखनका क्रममा उपयोगमा लिइएको छ ।

### (ख) सैद्धान्तिक स्वरूप

सम्पादन कार्य सम्वेनदनशील कार्य हो । भाषा सम्पादनका विषयमा परम्परा देखि चर्चा भए तापनि भाषा सम्पादनमा प्रयुक्त चिह्नसहित बोधगम्य रूपमा चिह्नको एकरूपता दिन सकेको पाइदैन । सम्पादनका विषयमा सूर्यविक्रम ज्ञावलीले 'चिन्तनको चौतारी' (२०३९) मा लेखिएको लेखलाई छाँटकाँट गरी प्रभावशाली तुल्याउनुका साथै सम्पादकले लेखकमा लेखन कौशलताको सिप सिकाएर परिपक्व लेखक बन्न सिकाउनु हो भनेका छन् । नेपाली बृहत शब्दकोश (२०७५) मा पत्रपत्रिका, ग्रन्थ पाठलाई ठीकसित मिलाएर आवश्यक परिवर्तन, गरी सम्पन्न गर्नु भनेर अर्थ्याएको छ (१२४१) । यसैगरी सङ्केतलाई लामो कुरालाई छोटकरीमा बुझाउनु भनी अर्थापन गरेको छ (१२१६)। नेपाली शब्दसागर (२०७४) ले चिह्नलाई चिनो वा चिन्नका रूपमा अर्थ्याएको छ (५७३)। यस आधारमा लेखन गरिएका सामग्रीलाई कौशलरूपमा परिष्कृत गर्नका लागि लेखक तथा टङ्कनकर्तालाई सुत्रात्मक रूपमा निर्देश गरिएको चिन्नलाई भाषिक सम्पादन सङ्केत चिह्न भनिन्छ । सुरेन्द्रकुमार खनाल र कृष्णराज ढकालले व्यवहारिक लेखन तथा सम्पादन (२०७५) मा सम्पादन विनाको प्रकाशन मुढोलाई थाम बनाए जस्तो हो भनेका छन् (८) । श्याम भट्टराईले व्यवहारिक लेखन तथा सम्पादन (२०७५) मा गुरुकापी (पाण्डुलिपि) मा भएका त्रुटिलाई हटाउनका लागि सङ्केत गरेका भावव्यक्त सङ्केतलाई सम्पादकीय चिह्न भनेका छन् । पारसमणि भण्डारीले प्राज्ञिक लेखन तथा सम्पादन (२०७४) मा पाण्डुलिपिलाई स्तरीकृत र प्रकाशनयोग्य बनाएरर भाषा तथा प्रकाशित कृतिको गुणवृद्धिका लागि लगाईएको चिनोलाई भाषा सम्पादनमा सङ्केतको रूपमा अर्थ्याएका छन्।

सैद्धान्तिक स्वरूपका विषयमा अभिव्यक्त मतलाई आधार मान्दा सम्पादनमा चर्चा भएतापनि सङ्केत चिह्नका विषयमा खासै स्पष्ट मत देखिदैन। यसर्थ, आप्तव्यक्तिहरूका

मतको आधार लिदै सङ्केत चिह्नलाई बोधगम्यता दिनका लागि भाषिक लिपि र लिपिगत अर्थ दिने चिह्न नै अर्थयुक्त, सरल र व्याकरणिक एवम् कोशीय मान्यता प्राप्त हुनुका साथै सर्वमान्य प्रयोगमुलक हुनुपर्दछ ।

**विश्लेषण**

**तालिका १**

शब्दादि, मध्य र अन्तयमा ह्स्व हुने (इ,उ,ऋ,कृ,रु) वर्णहरू

| शब्दको शुरुमा ह्स्व हुने | शब्दको बीचमा ह्स्व हुने | शब्दको अन्त्यमा ह्स्व हुने |
|---|---|---|
| तद्‌भव र आगन्तुक नाम | मूल नाम | पुलिङ्गी नाम र नाता बुझाउने शब्द |
| सबै व्युत्पन्न शब्दहरू | विशेषण शब्दमा | उ अन्त्यमा आउने निर्जीव नाम |
| सबै धातु/क्रियापदहरू | समापक र असमापक क्रिया | |
| सबै अव्ययहरू | अव्यय शब्द | अव्यय शब्द |
| उत्, उप्, कु, दुर्, निस्, वि, सु, नि आदि उपसर्ग लागेका शब्दहरू | अति, अघि, अभि, अनु, परि, प्रति, उपशर्ग लागेका शब्द | नु, आइ, आलु, याइँ, आउ, आरु, एलु प्रत्यय लागेका शब्दहरू |
| सङ्ख्याबाचक शब्दहरू (बीस, तीन र तीस बाहेक) | इक, इका, इत, इम, इमा, इष्ठ, उक, ता, त्व,प्रत्यय लागेका शब्द | अन्त्यमा ति आउने सर्वनामबाट बनेका शब्द |
| दुई अक्षरका सर्वनामहरू | अन्त्यमा इया, इयाँ, इयार, इलो गासिएका शब्द | अन्त्यमा चि, टि, णि, ति, थि, द्धि, धि, षि, पि, भि, मि, रि लि, आउने केही तत्सम शब्दहरू |
| तद्‌भव र आगन्तुक विशेषणहरू | पुलिङ्गबाट स्त्रीलिङ्ग बनाइएका शब्द | केही तत्सम शब्द |
| त्रि र द्वि भएका शब्दहरू | | |
| सबै अनुकरणात्मक शब्दहरू | | |

**तालिका २**

शब्दादि, मध्य र अन्तयमा दीर्घ हुने (ई, ऊ, रू) वर्णहरू

| शब्दको शुरुमा दीर्घ हुने | शब्दको बीचमा दीर्घ हुने | शब्दको अन्त्यमा दीर्घ हुने |
|---|---|---|
| एकाक्षरी सर्वनाम शब्दको इकार र उकार | इच्छार्थक क्रियापदहरू | स्त्रीलिङ्गी शब्द |
| रेफ लागेका तत्सम शब्दको सुरुको इकार र उकार | ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्द | ई अन्त्यमा आउने निर्जीव नाम |
| केही तत्सम शब्दका सुरुको इकार र उकार | केही तत्सम शब्द | केही जाती बुझाउने शब्दहरू |
| सङ्ख्या बुझाउने केही शब्दको सुरुको इकार दीर्घ | करण, कृत, भवन, भूत, आदि अन्त्यमा आउने शब्द | विशेषण पेसा, थर, सर्वनाम, सङ्ख्यात्मक, क्रियापदहरू शब्दमा |
| | | ही, री, ती, ई, अरी, तरी मा टुङ्गिने शब्द |
| | | भाषा, ठाउँ, नदी, बुझाउने नाम |
| | | विशेषणबाट बनेका भाववाची शब्द |
| | | अन्त्यमा मती, वती, वी, आएका तत्सम शब्द |

**(ग) विश्लेषणको ढाँचा**

प्रस्तुत लेखमा नेपाली भाषा सम्पादनका लागि प्रयोगमा ल्याइने वर्ण सङ्केत, विराम, विरामेतर अन्य लिपि तथ्याङ्कीय र रेखीय चिह्नको पहिचान, अर्थापन र प्रयोग पक्षको तालिकीकरणका आधारमा निर्क्योल गरिएको छ।

**तालिका ३**
ब, व, ओ वर्णको प्रयोग

| ब | व | ओ |
|---|---|---|
| ब उच्चारण हुने सबै तद्भव र आगन्तुक शब्दमा ब को प्रयोग हुन्छ। | नेपालीमा व उच्चारण हुने शब्दमा व नै लेखिन्छ | तद्भव र आगन्तुक शब्द |
| ब उच्चारण हुने सबै धातु र क्रियापदमा ब लेखिन्छ | वान्, वत्, वती, विद् मा टुङ्गिने शब्दमा | क्रियापदमा |
| केही अव्यय शब्द | व्य आएका शब्दमा | |
| बे, बद, बि उपशर्ग लागेका शब्द | आवट, उवा, वाला, वार, वारी प्रत्यय लागेका शब्द | |
| म पछि ब को प्रयोग हुन्छ | सम उपसर्ग पछि व लेखिने केही तत्सम शब्द | |
| केही तत्सम शब्द | ब उच्चारण भए पनि व लेखिने केही तत्सम शब्द | |

**तालिका ४**
ए, व, ये वर्णको प्रयोग

| ए | य | ये |
|---|---|---|
| एकबाट बनेका शब्द | यो, त्यो सर्वनाम र तिनबाट बनेका शब्द | केही शब्दमा मात्र ऋ को प्रयोग हुन्छ। |
| इच्छार्थक क्रियापद | भूत कालको क्रियापदमा | तद्भव र आगन्तुक शब्दमा रि को मात्र प्रयोग हुन्छ। |
| भूत कालका क्रियापद | व्युत्पन्न शब्दमा | |
| एर, एको प्रत्यय लागेका कृदन्त शब्द | केही आगन्तुक शब्दमा | |
| | केही तत्सम शब्द | |

**तालिका ५**
ऋ, क्ष्य, क्ष, क्षे, रि, छे वर्णको प्रयोग

| ऋ / क्ष | रि / छे |
|---|---|
| तत्सम शब्दमा | तत्भव र आगन्तुक |

**तालिका ६**
श, ष, स वर्णको प्रयोग

| श | ष | स |
|---|---|---|
| विसर्गभन्दा पहिले श प्रयोग हुन्छ | स्वरवर्णको लगतै पछाडि ष प्रयोग हुन्छ | नेपाली तद्भव र आगन्तुक शब्दमा स मात्र प्रयोग हुन्छ |
| ऋ, च, र, ल वर्णभन्दा अगाडि श प्रयोग गरिन्छ | षट् जाडिएर बनेको शब्द | स, सत्, सह, सु, सम् उपसर्ग लागेका शब्दहरूमा स प्रयोग हुन्छ |
| श भन्दा अगाडि श को प्रयोग हुन्छ | क, ट, ठ, ड, ण का अघिल्तिर ष प्रयोग हुन्छ | अगाडि स्व, स्वयम् आउने शब्दमा |
| स र ष भन्दा अगाडि श को प्रयोग हुन्छ | ष प्रयोग हुने अन्य केही तत्सम शब्द | स प्रयोग हुने केही तत्सम शब्दहरू |

**तालिका ७**

ज्ञ, ग्य, ग्याँ वर्णको प्रयोग

| ज्ञ | ग्य / ग्याँ |
|---|---|
| तत्सम शब्द | तत्भव शब्द र आगन्तुक शब्द |

**तालिका ८**

हलन्त र अजन्तको प्रयोग

| हलन्त | अजन्त |
|---|---|
| हलन्त उच्चारण गरिने क्रियापदमा | नाम, सर्वनाम, विशेषण र अव्यय शब्दको उच्चारण गर्दा अन्त्यमा हलन्त भए पनि लेखाइमा खुट्टो काटिदैन |
| केही अव्यय शब्द | कतिपय मनुकरणात्मक शब्दको उच्चारण गर्दा हलन्त भए पनि खुट्टो कार्टिदैन |
| वान्, मान्, वत् अन्त्यमा आउने तत्सम शब्द | |
| केही अन्य तत्सम शब्द | |

**तालिका ९**

चन्द्रविन्दु शिरविन्दुको प्रयोग

| चन्द्रविन्दु | शिरविन्दु |
|---|---|
| नागेध्वनि बुझाउँदा | पञ्चम वर्ण |
| प्रथम पुरुष क्रियापद | तत्सम शब्दमा य, र, ल, व, श, स, ष, ह, ज्ञ वर्णमा |
| द्वि श्वरको अन्त्यमा थ वा छ धातु जोडिएमा | |
| धातुसँग द, दा, दै जोडिदा | |

**तालिका १०**

पदयोग, पदवियोगको प्रयोग

| पदयोग | पदवियोग |
|---|---|
| विभक्ति, उपसर्ग, प्रत्यय, नामयोगी शब्दहरू जोडिएर लेखिन्छन्। | वाक्यमा प्रत्येक शब्दहरू छुट्टाछुट्टै लेखिन्छन् |
| समास भएर बनेका शब्दहरू जोडिएर लेखिन्छन् | विभक्तिभन्दा पछि आएको विभक्ति |
| नामयोगी नाजोडिई लेखिन्छन् | |
| द्वित्व भएर बनेका शब्दहरू जोडिएर लेखिन्छन् | निपातहरू छुट्टै लेखिन्छन् |
| संयुक्त क्रियाहरू जोडिएर लेखिन्छन् | विभाजक नआएमा छुट्टै लेखिन्छन् |
| अकरण बुझाउने न जोडिएर लेखिन्छन् | क्रियापदले अपूर्ण र पूर्ण पक्ष जनाउँदा छुट्टै लेखिन्छन् |
| केही अव्ययहरू जोडिर लेखिन्छन् | सार्थक द्वित्व शब्दलाई छुट्टै लेख्ने |
| समानार्थी शब्द | शब्दान्तमा व्यञ्जन उच्चारण हुने र रहेभन्दा बढी लिपिचिह्नहरूमा लेखिता समस्त शब्दलाई छुट्टयार लेख्नुपर्छ |
| व्यक्तिवाचक नाम | विशेषण र विशेष्यका रूपमा शब्दलाई छुट्याएर लेख्नु पर्छ। |
| रूढि शव्द | जना, वटा जस्ता शब्दलाई छुट्ट्याउनु पर्छ। |
| | जस्तो, झैँ, सरि आदि तुलना बुझाउने शब्दलाई छुट्याएर लेखिन्छ। |
| | दुईभन्दा बढी शब्दबाट बनेका कतिपय समस्त शब्दलाई छुट्याएर लेखिन्छ। |

**सङ्केत चिह्न, पहिचान अर्थ र प्रयोग पक्ष**

नेपाली भाषामा ब्रह्म (देवनागरी) लिपि चिह्नको प्रयोग गर्ने गरिन्छ। देवनागरी लिपिलाई उच्चार्थ समयका आधारमा स्वर र व्यञ्जन लिपिले सङ्केत गरिन्छ। जस्तै : ॐ, अ (ऋ), आ (ॠ), इ, ई, उ, ऋ, ॠ, लृ, ए, ऐ, ओ, औ, अं, अः

**ब्रह्म व्यञ्जन लिपि**

व्यञ्जन लिपिले वर्णको रूप लिनका लगि स्वर वर्णको आधार लिएर भाषाको अर्थ दिन प्रयोग हुने।

क्, ख, ग्,घ्, ङ्, च्, छ्, ज्, झ्, ञ्, ट्, ठ्, ड्, ढ्, रा् (ण), त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, श्, ष्, ह्, क्ष्, त्र्, ज्ञ्।

**मात्रा सङ्केत**

देवनागरी (ब्रह्म) लिपिमा आकार, इकार, उकार, एकलके, दोलके, शिरविन्दु र दार्शिविन्दु मात्रा लिपिको रूपमा आएका हुन्छन्। मात्रा लिपिले भाषालाई सरल रूपमा अर्थ्याउँने गर्दछ। मात्रा लिपिले भाषालाई सरल रूपमा सुत्रात्मक ढङ्गले सम्प्रेषण गर्दछ।

**तालिका ११**

मात्रा सङ्केत

| सङ्केत | अर्थ | सङ्केत | अर्थ |
|---|---|---|---|
| ा | आकार | ि / ी | इकार |
| ु / ू | उकार | े | एकलके |
| ै | दौलके | ं | शिरविन्दु |
| ः | दार्शिविन्दु | ्र | रेफ |
| क्त | संयुक्त अक्षर | ह्म | संयुक्त अक्षर |
| ् | हलन्त | | |

**संयुक्त ब्रह्मलिपि**

नेपाली भाषामा ब्रह्म लिपिको संयुक्त वर्णको प्रयोगले भाषामा सरलता र भद्धापनलाई हटाइ भाषामा स्पष्टता ल्याउँदछ। यस आधारमा भाषा सम्पादनमा संयुक्त वर्णको समेत प्रयोग गरिन्छ।

द्य, द्व, द्ध, द्द, द्,त्त, क्त, क्ष, त्र, ज्ञ, श्र।

**विराम चिह्न**

लिखित अभिव्यक्तिका शब्द, वाक्य, वाक्यांशका बीचमा अडान वा विश्राम लिएर अर्थबोधमा स्पष्टता ल्याउनका लागि भाषा सम्पादनमा विराम चिह्नको प्रयोग गरिन्छ।

**तालिका १२**

विराम चिह्न

| संकेत चिह्न | अर्थ | प्रयोग |
|---|---|---|
| , | अल्प/पाद विराम | वाक्य वा वाक्यांश छुट्याउन |
| ; | विराम अर्थ | वाक्यांशको अडानका लागि |
| : | सापेक्ष विराम | अभिव्यक्ति/कथनलाई स्पष्ट पार्न |
| ! | उद्गार | शोक, घृणा, हर्ष, विस्मात, आश्चर्य जनाउन |
| "-----" | ऐजन | समानता हो भन्ने अर्थमा |
| ? | प्रश्न विराम/प्रश्न चिह्न | प्रश्न वा जिज्ञासा राख्दा |
| । | पूर्ण विराम | वाक्य पूर्ण भएको अर्थमा |

**तालिका १३**
विरमेत्तर चिह्न

| सङ्केत | अर्थ | प्रयोग |
|---|---|---|
| " " | दोहोरो उद्धरण | अर्काको भनाइलाई जस्ताको तस्तै राख |
| ' ' | एकल उद्धरण | पद, पदावली, वाक्यांशलाई जोड दिदा |
| - वा, | योजक | पद वा शब्द जोड |
| :- | निर्देशक | कुनै विषय वस्तुलाई विशेष जोड दिएर निर्देश गर्दा |
| | | |
| ञ्ञ | बिलोपन | कुनै कथनलाई संक्षिप्त रूप दिदा |
| / | तिर्यक | पद/वाक्यको विकल्पका लागि |
| ( ) | कोष्ठक | कुनै विषयलार्य थप स्पष्ट पार्न |
| ... | तीन थोप्ला | शब्द छुटेको सङ्केत |
| .... | चार थोप्ला | वाक्याशं छुटेको सङ्केत |
| . | एक थोप्लो | संक्षिप्त रूपका लागि |

**तालिका १४**
अन्य सङ्केत चिह्न

| सङ्केत | अर्थ | प्रयोग |
|---|---|---|
| λ | काक | कुनै मात्रा, अक्षर, शब्द वा वाक्य छुटेको सङ्केत |
| # | पद वियोग | शब्द छुट्याउँदा |
| Np. | परिवर्तन | अनुच्छेद परिवर्तन गर |
| eq# | बराबर स्पेश | शब्द वा पदको समान स्पेश दिन, |
| ~ वा *It* | इटालिक/छड्के | कुनै वाक्य वा शब्दको पहिचान/ चिनारीका लागि, |
| D. | डिलिट/हटाऊ | अनावश्यक शब्द, वाक्य, अनुच्छेद हटाउन, |
| ◦ | ठिटा/डिग्रि | वाक्यको संरचना मिलाउन |
| B / | बोल्ड/कालो/गाँढा | कुनै शब्द, वाक्य लाई जोड दिंदा, |
| ↑ | उत्तरवार्ण | माथि लैजाउ |
| ↓ | दक्षिण वार्ण | तल झार |
| ↱ | उत्तर दायाँ वाण | दायाँ तर्फ लगेर हरफ मिलाउ |
| ↰ | उत्तर वायाँ वाण | वायाँ तर्फ लगेर हरफ मिलाउ |
| [ ] | ठुलो कोष्ठ | लामो उद्दरणलाई बेग्लै अनुच्छेदको बीचमा राख |
| font | फन्ट/आकार | अक्षरको आयम मिलाउन |
| \|\|\| | तीन धर्के | हरफ वा पङ्क्तिको स्पेस (ठाउँ) बराबर गर |

## निष्कर्ष

प्रस्तुत लेख ब्रह्म (देवानगरी) लिपिको प्रयोग गरी नेपाली भाषा सम्पादन गर्ने सन्दर्भमा प्रयुक्त लेख्य चिह्नमा केन्द्रित छ । यस लेखमा प्रयोग भएका चिह्नहरूको प्रयोगद्वारा भाषा सम्पादन गर्दा प्राज्ञिक त्रुटिमा हुने गरेका त्रुटिको समेत अन्त्य गर्न सरल हुनेछ। यसमा, देवनागरी लिपि चिह्न, विराम, विरामेत्तर र अन्य लिपिका साथै गणितीय भाषामा प्रयोग हुने केही सङ्केत चिह्नसमेत दिइएको छ। यस लेखमा भाषा सम्पादनमा प्रर्युक्त सबै चिह्नहरू समावेश नगरी मुख्य र आधारभूत चिह्नको प्रयोग गरिएको छ। प्राज्ञिक व्यक्तित्व र यस क्षेत्रमा कार्य सम्पादन गर्ने चिन्तकहरूले पनि जटिल सङ्केत चिह्नको प्रयोग गर्नु भन्दा पनि सरल र सर्ववोध्य आधारभूत चिह्नको प्रयोग गर्दा उपर्युक्त हुने यस लेखको निष्कर्ष रहेको छ।

## सन्दर्भसामग्री सूची


खराल, सरेन्द्रकुमार र भट्टराई, श्याम (२०७५), व्यवहारिक लेखन तथा सम्पादन, काठमाडौं : इन्टेलेक्चुएल्ज बुक प्यालेस।

नेपाल प्रज्ञा–प्रतिष्ठान (२०७५), नेपाली बृहत्तर शब्दकोश, काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

नेपाल, शर्मा बसन्तकुमार (२०७४), नेपाली शब्दसागर, काठमाडौं : भाभा प्रकाशन।

भट्टराई, श्याम (२०७५) व्यवहारिक लेखन तथा सम्पादन, काठमाडौं : शुभकामना प्रकाशन।

भण्डारी, पारसमणि (२०७४) प्राज्ञिक लेखन तथा सम्पादन, काठमाडौं : विद्यार्थी प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७५) मानक नेपाली वर्णविन्यास, काठमाडौं : पैरवी प्रकाशन ।

वस्ती, शरदचन्द्र (२०७४) नेपाली कसरी लेख्ने, ललितपुर : ज्ञनाविज्ञान प्रा.लि. ।

शमशेर, पुष्कर (२०१९) नेपाली सजिलो व्याकरण, ललितपुर : साझा प्रकाशन ।


❖❖❖